स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ

मितिः २०८१।०४।२५

## बुढानीलकण्ठ नगरपालिकाको ५० औं कार्यपालिका बैठकका निर्णयहरु

१ बुढानीलकण्ठ नगरपालिकामा नगरस्तरीय खेल मैदान निर्माणका लागि चालु आ.व.२०८१/८२ को नगरस्तरीय वार्षिक योजनाको नगर गौरवका आयोजनाहरुतर्फ सि.नं.७ बुढानीलकण्ठ खेल मैदान शीर्षकमा रु.५ करोड बजेट विनियोजन भएको हुनाले बुढानीलकण्ठ खेल मैदानको लागि बुढानीलकण्ठ नगरपालिका वडा नं.४ (साविक विष्णु गा.वि.स. वडा नं. ५ख२) को अनुसूची-१ बमोजिमको कि.नं. र क्षेत्रफलको निजी रैकर जग्गा खरिद गरी प्राप्त गर्न जग्गा खरिद प्रकृया अगाडी बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने।

२. गुरुदेव कन्स्ट्रक्सन प्रा.लि., बु.न.पा.-८, काठमाडौंलाई 'घ' वर्गको इजाजतपत्र प्रदान गर्ने।

३. विधायन समितिबाट पेश भएको "पशु चौपाय व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गर्ने।

४. शहरी तथा पूर्वाधार विकास महाशाखाबाट सिफारिस भएका प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने।

४.१ दररेट सम्बन्धमा देहायअनुसार गर्ने।

(क) नगरपालिका क्षेत्रभित्र आ.ब.२०८१/८२ मा हुने निर्माण तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुल श्री जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृत भएको जिल्ला दररेटको आधारमा नगरपालिकाको दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(ख) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभागबाट स्वीकृत Rate Analysis Of Road and Bridge works र तत्कालिन DOLIDAR बाट स्वीकृत सम्बन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण सडक तथा पुल सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(ग) शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत Rate Analysis Of Building Construction works सम्वन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण भवन निर्माण सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(घ) पुरातत्व बिभागबाट स्वीकृत पुरातात्विक महत्व निर्माण कार्य सम्बन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण पुरातात्विक महत्व निर्माण सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

४.२ अनुसूची-२ बमोजिमका आयोजनाहरु कार्यान्वयन गर्न यस नगरपालिकाको नाममा जग्गाको स्वामित्व ग्रहण प्रकृया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने।

## अनुसूची-१

(निर्णय नं.१ सँग सम्बन्धित)

जग्गाको कित्ता नं. र क्षेत्रफल

| क्र.सं. | कि.नं. | कायम क्षेत्रफल | | | | खरिद गर्नुपर्ने क्षेत्रफल | | | | जग्गा धनिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रोपनी | आना | पैसा | दाम | रोपनी | आना | पैसा | दाम | | |
| १. | १६४६ | ० | १३ | १ | ० | ० | ७ | ० | ० | भगवती खड्का | |
| २. | १३८० | ० | ५ | ० | ० | ० | ५ | ० | ० | भगवती खड्का | |
| ३. | १३७९ | ० | ५ | ० | ० | ० | ५ | ० | ० | श्रीमान तामाङ | |
| ४. | १२६२ | १ | ० | ० | ० | १ | ० | ० | ० | शंकर नारायण श्रेष्ठ | |
| ५. | १७३२ | ० | ७ | ३ | ० | ० | ७ | ३ | ० | टाकुर प्रसाद अधिकारी | |
| ६. | १७२१ | ० | ८ | ० | ० | ० | ७ | ० | ० | संजिता पाठक | |
| ७. | १७४३ | ० | १५ | ० | ० | ० | ८ | ० | ० | ईश्वरी भट्टराई | |
| ८. | १७४४ | १ | ० | २ | ० | ० | ३ | ० | ० | ईश्वरी भट्टराई | |
| ९. | २०८१ | ० | ८ | ० | ० | ० | ४ | ० | ० | श्रीमती लक्ष्मी माया महर्जन | |

सिठाराम अधिकारी
नगर प्रमुख